# RUDAS Nepal

*(Rural Development & Awareness Society Nepal)*
*(ग्रामीण विकास तथा चेतना समाज नेपाल)*
**Central Office, Rolpa Municipality-2, Libang Rolpa**
**Estd : 2061 B.S.(2005 AD)**

DAO Reg No. : 73/061
SWC No. : 17550
NGO Fed N0 : MWR-Rol-12
PAN/VAT : 301728164
Office Phone : 0977-86-440187
Email ID : *nepal.rudas@gmail.com*


## कर्मचारी आवश्यकता सम्वन्धी सूचना

प्रथम पटक प्रकाशन मितिः २०७९।१०।२२

ग्रामीण विकास तथा चेतना समाज (रुडास) नेपाल २०६१ सालमा स्थापना भएको मुनाफारहित एक गैर सरकारी संस्था हो । "आत्मनिर्भर समाज, गरीबी उन्मुलन, सामाजिक विभेदको अन्त्य, सुशासन, समावेशीकरण तथा दिगो विकास" यस संस्थाको परिकल्पनाका साथै सामाजिक चेतना अभिवृद्धि गरी आत्ममिर्भर समाज र दिगो विकासका लागि विकास निर्माण कार्यक्रम सञ्चालन गरी सबल र सक्षम समाजको स्थापना गर्ने यस संस्थाको लक्ष्य रहेको छ । यस संस्था यौन उत्पीडन, शोषण, दूर्व्यवहार, बालश्रम तथा बाल दूर्व्यवहार रोक्नका लागि संस्थाको संरक्षण नीति तथा अन्य सम्वन्धित नीतिहरुसहित प्रतिबद्ध रहेको छ ।

माडी गाउँपालिका रोल्पा र हेफर प्रोजेक्ट नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा यस संस्थाद्वारा माडी गाँउपालिकामा सञ्चालन हुने **"माडी कृषि तथा पशु उद्यमशिलता विकास कार्यक्रम"** का लागि कर्मचारीहरुको आवश्यकता भएकोले १८ वर्ष उमेर पुगेका र तपसिलको मापदण्ड पुगेका नेपाली नागरिकहरुवाट यो सुचना प्रकाशन भएको मितिले ७ दिनभित्र रितपुर्वकको दरखास्त दिनुहुन अनुरोध छ ।

**आवश्कता सम्वन्धी विवरण :**

विज्ञापन नं. १

पद : परियोजना संयोजक, पद संख्या : १ (एक) जना

न्युनतम योग्यता र कार्यानुभव :

- कृषि /भेटेनरी, समाज शास्त्र, ग्रामीण विकास विषयमा स्नातक तह वा सोसरह उतिर्ण गरी ३ वर्ष सामुदायिक विकास तथा बाखा, दुध, र तरकारीको मुल्य श्रंखलामा काम गरेको अनुभव भएको ।
- योजना तर्जुमा, बजेट व्यवस्थापन, परियोजना कार्यान्वियन, अनुगमन, मुल्यांकन तथा प्रतिवेदन लेखन सम्वन्धि ज्ञान, सीप र अनुभव भएको ।
- साना किसान सवलिकरण तथा उद्यमशिल साझेदारी कार्यक्रम सम्वन्धि ज्ञान, सीप र अनुभव भएको ।
- कर्मचारी व्यवस्थापन तथा परिचालन, तालिम व्यवस्थापन र सहजिकरणसम्वन्धी ज्ञान, सीप र अनुभव भएको ।
- कृषि तथा पशु वस्तुमा आधारीत व्यवसाय तथा उद्यमशीलतामा महिला तथा यूवाहरुको सहभागिता, सामाजिक परिचालन, कृषि तथा पशुजन्य वस्तुहरुको वजारीकरणमा विशेष दक्षता भएको ।
- स्थानीय सरकार तथा अन्य सरोकारवालाहरुसंग समन्वय र सहकार्य गरी कार्य गर्न सक्ने ।
- कम्प्युटर (micro-soft word, excel, power point, internet) सम्वन्धी दक्षता भएको ।
- दुइपाङ्ग्रे सवारी चलाउन सक्ने र सवारी चालक अनुमती पत्र प्राप्त भएको ।
- कार्यक्रम संयोजक कम्तीमा ८० प्रतिशत समयअवधि परियोजना क्षेत्रमा बस्नुपर्नेछ ।

विज्ञापन नं. २

पद : प्राविधिक संयोजक, पद संख्या : १ (एक) जना

न्युनतम योग्यता र कार्यानुभव :

- भेटेरिनरी विषयमा Diploma तह उत्तिर्ण गरेको वा Pre-diploma तह उतिर्ण गरी सम्वन्धित विषयमा ३ वर्षको कार्यअनुभव भएको ।
- कृषि तथा पशुको उत्पादन र उत्पादकत्व बृद्धिमा प्राविधिक तथा सिर्जनात्मक दक्षता भएको ।
- स्थानीय सरकार तथा अन्य सरोकारवालाहरुसंग समन्वय र सहकार्य गरी कार्य गर्न सक्ने ।
- कृषि तथा पशुवस्तुको वजारीकरण सम्वन्धि ज्ञान, सिप र अनुभव भएको ।
- समुदाय स्तरमा कार्यक्रम कार्यान्वयन, अनुगमन, प्राविधिक तालिमको आयोजना, संञ्चालन तथा प्रतिवेदन लेखन सम्वन्धि अनुभव भएको ।
- कम्प्युटर (micro-soft word, excel, power point, internet) सम्वन्धी दक्षता भएको ।
- दुइपाङ्ग्रे सवारी चलाउन सक्ने र अनुमती पत्र प्राप्त भएको ।
- प्राविधिक संयोजक परियोजना क्षेत्रमा (field based) बस्नुपर्नेछ ।
- माडी गा.पा.क्षेत्रमा स्थाइ बसोवास भएकालाई विषेश ग्राहयता दिईने छ ।

# RUDAS Nepal

*(Rural Development & Awareness Society Nepal)*
*(ग्रामीण विकास तथा चेतना समाज नेपाल)*
**Central Office, Rolpa Municipality-2, Libang Rolpa**
**Estd : 2061 B.S.(2005 AD)**

DAO Reg No. : 73/061
SWC No. : 17550
NGO Fed N0 : MWR-Rol-12
PAN/VAT : 301728164
Office Phone : 0977-86-440187
Email ID : *nepal.rudas@gmail.com*


विज्ञापन नं. ३
**पद : लेखा अधिकृत** **पद संख्या : १ (एक) जना**
**न्युनतम योग्यता र कार्यानुभव :**

- ❖ वाणिज्य शास्त्रमा स्नातक तह उत्तिर्ण गरी कम्तीमा ३ बर्षको कार्यानुभव भएको ।
- ❖ लेखाका आधारभुत सिद्धान्तको विषयमा ज्ञान भएको ।
- ❖ कम्प्युटर सम्बन्धी दक्षता भएको र लेखा सफ्टवेर सम्बन्धी ज्ञान तथा सञ्चालन अनुभव भएको ।
- ❖ लेखा प्रतिवेदन तयारी, तथ्याङ्क विश्लेषण, बजेट निर्माण सम्बन्धी ज्ञान भएको ।
- ❖ स्थानीय सरकारको लेखा प्रणाली, बजेट निकासा तथा फछ्र्यौट र सार्वजनिक खरिद प्रक्रिया सम्बन्धि ज्ञान तथा अनुभव भएको ।
- ❖ स्थानीय सरकार तथा अन्य सरोकारवालाहरुसंग समन्वय र सहकार्य गरी कार्य गर्न सक्ने ।
- ❖ दुइपाङ्ग्रे सवारी चलाउन सक्ने र अनुमती पत्र प्राप्त भएकोलाई विशेष ग्राह्यता दिइनेछ ।
- ❖ नियमित तथा आवश्यकता अनुसार परियोजना कार्यक्षेत्र भ्रमण गर्नुपर्नेछ ।

विज्ञापन नं. ४
**पद : सामुदायिक सहजकर्ता** **पद संख्या : ५ (पाँच) जना**
**न्युनतम योग्यता र कार्यानुभव :**

- ❖ १०+२ पास गरेको वा कृषि तथा भेटेरिनरी विषयमा Pre-diploma पास गरेको हुनु पर्ने छ । कृषि तथा भेटेरिनरी Pre-diploma पास गरेकोलाई विशेष प्राथमिकता दिईने छ ।
- ❖ स्वावलम्वन समुह गठन तथा परिचालन सम्बन्धि अनुभव भएको ।
- ❖ तालिम सहजीकरण, व्यवस्थापन तथा प्रतिवेदन लेखन सम्बन्धि ज्ञान, सीप तथा अनुभव भएको ।
- ❖ महिला तथा युवा सशक्तिकरण, समुह व्यवस्थापन र सामाजिक परिचालन सम्बन्धी दक्षता भएको ।
- ❖ कृषि तथा पशु उद्यमशिलता बिकासको माध्यमबाट आयआर्जन गर्न समुदायलाई उत्प्रेरीत गर्न सक्ने विषेश ज्ञान भएको ।
- ❖ कम्प्युटर सम्बन्धि ज्ञान भएको ।
- ❖ माडी गा.पा.क्षेत्रमा स्थाई बसोबास भएकालाई विषेश ग्राहयता दिईने छ ।

२. **सेवा सुविधा** :परियोजनाको नियमानुसार हुनेछ ।

३. **दरखास्त दिने अन्तीम मिति** :२०७९।१०।२८ कार्यालय समय भित्र ।

४. **परिक्षाको किसिम** : लिखित, अन्तरवार्ता र आवश्यकता अनुसार प्रयोगात्मक

५. **आवश्यक कागजातहरु** :कुन पदमा आवेदन गरेको हो सो को विवरण समेत खुल्ने गरी निवेदन, व्यक्तिगत विवरण (Bio-data) पासपोर्ट साईजको फोटो राखेको, शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र, सम्वन्धीत विषयको कार्यानुभव पत्र, र अन्य आवश्यक कागजातहरुको प्रमाणित प्रतिलिपी ग्रामीण विकाश तथा चेतना समाज नेपालकोकार्यालय लिवाङमा दरखास्त बुझाउनु पर्नेछ ।

**निवेदन पेश गर्ने तरिका** : निवेदन पेश गर्दा संस्थाको कार्यालय लिबाङ रोल्पा वा माडी गाउँपालिकाको कार्यालय घर्तीगाउँ रोल्पामा कार्यालय समयभित्र निवेदन सगै सबै कागजातहरुलाई एउटा फाइलमा राखी सम्बन्धीत व्यक्तीले प्रमाणित गरी पेश गर्नुपर्ने छ । यदी इमेल मार्फत पेश गर्ने भएमा pr.rudasnepal@gmail.com मा वा madi.rumn73@gmail.com मा सबै कागजातहरुलाई एकैपटक पेश गर्नुपर्ने छ ।

*नोट : प्रारम्भीक छनौटमा परेका उम्मेदवारहरुलाई मात्र लिखित परिक्षामा समावेश गराईनेछ । रित नपुगेका, म्याद नाघि आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन । छनौट गर्ने वा नगर्ने सम्पुर्ण अधिकार संस्थामा निहित हुनेछ ।*


**सम्पर्क**
ग्रामीण विकास तथा चेतना समाज नेपाल
फोन नं. ०८६-४४०१८७, ९८४७९५८९२२

**सम्पर्क**
माडी गाउँपालिकाको कार्यालय घर्तीगाउँ रोल्पा
फोन नं. ०८६४१६०३६/९८४४९७४०८०